## श्री भर्ना छनौट निर्देशनालय, कार्यरथी विभाग, जङ्गी अड्डा

## सि.सं.६० अधिकृत क्याडेट (दोश्रो चरण) छनौट

## आई.क्यू. परीक्षा सम्बन्धी

## सूचना

मिति:२०७६/११/२७ गते ।

मिति २०७६/१०/२३ गतेको गोरखापत्र दैनिकमा प्रकाशित विज्ञापन नं.०७६/७७/५३ अनुसार अधिकृत क्याडेट पदको लागि दरखास्त दिई बियरिङ्ग, प्रि-मेडिकल र शारीरिक परीक्षामा उत्तीर्ण सम्पूर्ण (महिला तथा पुरुष) उम्मेदवारहरुको आई.क्यू.(**I.Q.**) परीक्षा मिति २०७६/११/३० गते नारायणहिटी, उत्तरतर्फको गेट (धोबी चौरतर्फ) श्री नेपाल क्याभल्रीको खेल मैदान (बियरिङ्ग, प्रि-मेडिकल र शारीरिक परीक्षा संचालन भएको स्थान) मा सञ्चालन हुने हुँदा उक्त मितिको १००० बजे उम्मेदवारहरु परीक्षा स्थलमा उपस्थित हुनु हुन सूचित गरिन्छ ।

*द्रष्टव्य:*

(क) उम्मेदवारहरुले अनिवार्य रुपमा प्रवेश पत्र, दस्तखत गरेको फोटो र नागरिकता प्रमाण पत्र साथमा ल्याउनु पर्नेछ । अन्यथा परीक्षामा सरिक गराईने छैन ।

(ख) कुनै एक परीक्षामा अनुत्तीर्ण उम्मेदवार त्यस पछि संचालन हुने कुनै पनि परीक्षामा सहभागी हुन पाउने छैनन् ।

(ग) परीक्षा स्थलमा कुनै पनि बहुमुल्य सामानहरु (जस्तै: घडी, मोबाईल सेट, सुन, पैसा आदी) ल्याउन पाईने छैन ।

(घ) शारीरिक परीक्षामा उत्तीर्ण सबै पुरुष तथा महिला उम्मेदवारहरुलाई एकै साथ आई.क्यू. परीक्षा संचालन गरिने हुँदा द्विविधा नहुन जानकारी गराईन्छ ।

(ङ) आई.क्यू. परीक्षामा आवश्यक पर्ने लेखन सामाग्रीमा केहि पनि नलेखिएको क्लिप बोर्ड उम्मेदवार स्वयंले व्यवस्था गर्नु पर्नेछ । साथै परीक्षामा क्यालकुलेटर, मोबाईल तथा ईलेक्ट्रोनिक घडीको प्रयोग निषेध गरिएको छ ।

(च) उम्मेदवारले उत्तरपुस्तिकामा कालो (**Black**) कलम डटपेन मात्र प्रयोग गर्नु पर्नेछ ।

(छ) यो सूचना नेपाली सेनाको वेब साईट **www.nepalarmy.mil.np** मा समेत हेर्न सकिनेछ ।

(ज) परीक्षा सम्बन्धी द्विविधा परेमा यस निर्देशनालयको टेलिफोन नं.०१-४२४६९५० वा मोबाईल नम्बर ९८६३०३१५६१ मा सम्पर्क गरी जानकारी लिन सकिने छ ।

(अरुण कुमार पाल)
सहायक रथी
निर्देशक